भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
भरतपुर चितवन

केन्द्रिय वस टर्मिनल र नारायणगढ वसपार्क संचालन तथा व्यवस्थापन सम्बन्धि ठेक्का संझौता मिति देखि ३ बर्ष ठेक्का अबधीका लागि

शिलबन्दी बोलपत्र आवह्वान

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०८/ 26**

भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय भरतपुरले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा (६२) उपदफा (२)बमोजिम महानगरपालिकाले निर्माण संचालन तथा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको सेवा उपयोग गरेवापत सम्वन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाइ सेवा शुल्क लगाउन सक्नेछ भन्ने प्रावधान रहेको छ । भरतपुर महानगरपालिका अन्तर्गत नगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ९ तथा वडा नं. १ स्थित वस टर्मिनलहरु ठेक्का बन्दोवस्तद्वारा निजी क्षेत्रलाई सहभागी गराई संचालन गर्ने/गराउने सम्वन्धमा यस भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालयद्वारा निर्धारित शर्त नियम तथा प्रावधानको परिधिभित्र रही मिति २०८०/८/२१ को कार्यपालिका बैठकको निर्णयानुसार उक्त वसपार्कहरु आ.व. ०८०/०८१ को सम्झौता मितिदेखी तीन (३) वर्ष ठेक्का अवधिका लागि लागि **E-Bidding** मार्फत ठेक्का वढावढको माध्यमवाट संचालन गर्न इच्छुक मान्यता प्राप्त फर्म संस्था कम्पनीले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको वोलपत्र आवह्वान गरिएको छ ।

(१) वोलपत्र फारम दस्तुर रु ५,०००/– (पछि फिर्ता नहुने गरी) बुझाई यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२.०० वजे सम्म सार्वजनिक खरिद अनुमगन कार्यालयको www.bolpatra.gov.np वाट बोलपत्र **Download** तथा **Upload** गर्न सकिने छ ।

(२) तोकिएको वोलपत्र फारम खरिद दस्तुर यस कार्यालयको राजश्व महाशाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको राजश्व महाशाखामा जम्मा गरेको नगदी रसिद वा यस कार्यालयको रा.वा. वैंक, भरतपुर स्थित हि. नं १३१०१००३०१०१०००२ मा जम्मा गरेको भौचर वोलपत्र कागजात साथ **Upload** गर्नुपर्नेछ ।

(३) बोलपत्र फारम खरिद कर्ताले फर्म दर्ताको लागि प्रमाणपत्र, कम्पनी दर्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता तथा नविकरण गरेको प्रमाणपत्र र आ.व. ०७९/०८० को कर चुक्ताको प्रमाणित प्रमाणपत्र वा म्याद थप पत्र पेश गर्नुपर्नेछ ।

(४) धरौटी वापतको( ठेक्का जमानत) रकम यस कार्यलयको नाममा रहेको श्री राष्ट्रिय वाणिज्य वैंक, भरतपुरको धरौटी खाता नं १३१०१००३०३००००२ खातामा नगदै जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वैंकले यस कार्यालयका नाउँमा जारी गरेको वैंक ग्यारेन्टी (विड वण्ड) संलग्न हुनु पर्नेछ । प्रचलित कानुन बमोजिम बोलपत्र जमानत (विड वण्ड) को मान्यअवधि न्युनतम १२० दिन कायम गरी बोलबत्र पेश गर्नु पर्ने छ ।

(५) बोलपत्र स्वीकृत भई शर्त अनुसारको सम्झौताको लागि पत्राचार गरिएको पत्रको मितिले सात दिन भित्र पहिलो किस्ताको रकम बुझाई बोलपत्रको सर्तानुसारको बैक जमानत सहित सम्झौताको लागि उपस्थित हुनुपर्नेछ ।

(६) कवोल अंकको दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । दररेट रकम अंक र अक्षरमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

(७) एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको वोलपत्र फारम अर्को फर्म वा व्यक्तिको नामवाट दाखिला गर्न पाइने छैन ।

(८) खरिद भएको वोलपत्र फाराममा आफ्नो फर्मको नाम, ठेगाना र कामको विवरण स्पष्ट उल्लेख गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np बाट सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२.०० वजे भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका वोलपत्रहरु सोही दिन १.०० वजे यस कार्यालयमा सरकारी प्रतिनिधि, वोलपत्रदाताका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । समयमा वोलपत्रदाता वा निजहरुको प्रतिनिधी उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । कारणवस सिलवन्दी वोलपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा विदाको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

(९) शिलवन्दी वोलपत्र फाराममा उल्लेख भएकोमा सोही वमोजिम र अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ ।

(१०) थप जानकारी तथा अन्य आवश्यक सूचनाको लागि भरतपुर महानगरपालिकाको वेभसाइट www.bharatpurmun.gov.np वा भरतपुर महानगरपालिका कार्यालयको राजश्व व्यवस्थापन महाशाखामा सम्पर्क राख्न सकिनेछ ।

(११) ठेक्का सम्झौता बखत तीन (३) आर्थिक बर्षका लागि बोलपत्रदाताले कबोल गरेको कुल रकमको औषत रकमलाई बार्षिक ठेक्का रकम कायम हुनेछ। बार्षिक रकमको एक चौथाइ(१/४) हिसाबले हुन आउने रकम कार्यालयको बैक खातामा दाखिला गरेको बैक भौचर, मु.अ. कर र अग्रीम आयकर सम्बन्धित आन्तरिक राजस्व कार्यालयका खाताहरुमा दाखिला गरेको भौचर र १ (एक) ठेक्का बर्ष बराबरको रकम सोमा लाग्ने मु.अ.कर र अग्रिम आयकर समेतको कुल रकमको मान्यता प्राप्त बैकले भरतपुर महानगरपालिका कार्यालयका नाउँमा जारी गरेको बैक जमानत पेश गर्नु पर्नेछ ।

| शिलवन्दी वोलपत्र नं | कामको विवरण/आयोजनाको नाम | ठेक्का बर्ष अनुसार | न्युनतम कबोल रकम (भ्याट र अग्रीम आयकर बाहेक) | वोलपत्र दस्तुर (फिर्ता नहुने गरी) | ठेक्का धरौटी रकम |
|---|---|---|---|---|---|
| २०८०/८१-५ (आय) | केन्द्रिय वसपार्क तथा नारायणागढ बसपार्क संचालन र व्यवस्थापन कार्य | पहिलो बर्षको ठेक्का अबधिका लागि | ४,२४,५७,१२३/७२ | रु ५०००/०० (पाँच हजार ) | जम्मा कुल कवोल रकमको ५ % (प्रतिशत) |
| | | दोस्रो बर्षको ठेक्का अबधिका लागि | ४,३७३०,८३७/४३ | | |
| | | तेस्रो बर्षको ठेक्का अबधिका लागी | ४,५०,४२,७६२/५५ | | |
| जम्मा:- तेह्रकरोड बाह्रलाख तीस हजार सातसय तेइस र पैसा सत्तरी मात्र ( मु.अ.कर र अग्रीम आयकर बाहेक) | | | १३,१२,३०,७२३/७० | | |

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८०/८/२५

श्रीमान् प्रमुख प्रशासकिय अधिकृतज्यू,
भरतपुर महानगरपालिकाको कार्यालय, भरतपुर, चितवन ।

विषयः बोलपत्र पेश गरेको बारे ।

महोदय,

यस भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवनको केन्द्रिय बसपार्क तथा नारायणगढ बसपार्क संचालन व्यवस्थापन गर्न (आ.ब.२०८०/८१ को सम्झौता मिति देखि ३ बर्ष ठेक्का अवधिको लागि बढाबढ मार्फत आय ठेक्का बन्दोबस्त गर्ने सम्बन्धि शिलबन्दी बोलपत्र आह्वान गरी यस भरतपुर महानगरपालिकाको कार्यालयको मिति २०८०/०५/ गते प्रकाशित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार (तीन आर्थिक वर्षको लागी) रु.......................... अक्षरेपि...................................मा ठेक्का लिने मन्जुरी भएकोले धरौटी बापत रु............................ को बैंक भौचर/ .................................... को बैंक जमानत यसै साथ संलग्न राखी बोलपत्र दाखिला गरेको छु ।

तपसिल

ठेक्का नं. ०५/२०८०/८१(आय)

ठेक्का व्यवस्थापन कार्यको नामः- केन्द्रिय बसपार्क तथा नारायणगढ बसपार्क संचालन व्यवस्थापन कार्य


| सि.नं | ठेक्का वर्ष | कबोल अंक (मु.अ. कर बाहेक) | | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| | | अंकमा | अक्षरमा | | |
| १ | पहिलो बर्षको ठेक्का अवधिका लागि | | | | |
| २ | दोस्रो बर्षको ठेक्का अवधिका लागि | | | | |
| ३ | तेस्रो बर्षको ठेक्का अवधिका लागी | | | | |
| | | | | | |

निवेदक/ फर्म कम्पनीको

फर्मको नामः
आधिकारीक व्यक्तीको नामः-
मितिः-

ठेगानाः
दस्तखतः-
फर्मको छाप

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन ।



केन्द्रिय बस टर्मिनल र नारायणगढ वसपार्क संचालन र व्यवस्थापन सम्बन्धि
बोलपत्र फारम

२०८० मंसिर

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

प्रमुख प्रशासकीय अधिकृत

## भरतपुर महानगरपालिका नगरकार्यपालिका कार्यालय
## भरतपुर, चितवन ।

**पृष्ठभुमि :**

यातायातको दृष्टिकोणबाट भरतपुर महानगरपालिकाको केन्द्रविन्दुमा रहेका बसपार्कहरु विगत देखि सन्चालनमा रहेका छन् । महानगरपालिको सीमित स्रोत र साधनबाट आफैले बसपार्कको प्रयोग स्वरुप राजश्व सकंलन गर्दा कम प्रभावकारी भएको हुँदा विगत वि.सं. २०६३ साल देखि नै सार्वजनिक निजी साझेदारीको अवधारणा एव मर्म अनुसार आय ठेक्का मार्फत कार्य गर्दै आएको छ ।

**परियोजनाको उद्धेश्यः**

सार्वजनिक निजी साझेदारी नीतिका आधारमा निजी क्षेत्रलाई अधिकतम सहभागी बनाई नगरवासीको सेवा सुविधालाई केन्द्रबिन्दुमा राखी हाल कायम रहेका भरतपुर महानगरपालिकाको वडा नं १ र ९ मा रहेका बस टर्मिनलमा सार्वजनिक यातायातका सवारी साधानहरुको पार्किङ्गका अलावा अन्य सेवा तथा सुविधाहरु जस्तै चमेना गृह, शौचालय, व्यापरिक सटर, सुरक्षा नियन्त्रण कक्ष, खानेपानी आदिलाई सुरक्षित, व्यवस्थित गर्दै भरपर्दो तथा प्रभावकारी यातायात व्यवस्थाको माध्यमबाट महानगरको आन्तरिक आयमा टेवा पुऱ्याउने ।

**परियोजनाको वर्तमान अवस्थाः**

१. **सार्वजनिक यातायात सेवाको Route हरु**

क. **City Route** : भरतपुर महानगरपालिका भित्र चल्ने सवारी साधनहरु

ख. **Local Route** : भरतपुर महानगरपालिका सँग निकट रहेका टाँडी, पर्सा, भण्डारा, खुरखुरे, मेघौली, रामपुर, पटिहानी, शारदानगर, चनौली, प्रगतिनगर, कावासोती, डण्डा र मुग्लिङ्गमा चल्ने सवारी साधनहरु । (यसै हाराहारीमा चल्ने अन्य सवारी साधानहरु समेत)

ग. **Short Route** : ठोरी, हेटौंडा, गोरखा, कुरिनटार, डुम्रे वर्दघाट र माडीमा चल्ने सवारी साधनहरु (यस हाराहारीमा चल्ने अन्य सवारी साधानहरु समेत )

घ **Long route** : माथि लेखिए बाहेकका भरतपुर महानगर क्षेत्र भएर चल्ने सवारी साधनहरु

**२. बस पार्कको बर्तमान अवस्था**

| क्र.सं. | विवरण | विषेता एवं सुविधाहरु | कैफियत |
|---|---|---|---|
| १. | अवस्थिति | भरतपुर महानगरपालिका वडा नं ९ स्थित पूर्व पश्चिम राजमार्गसँगै रहेको बस टर्मिनल र वडा नं १ को अन्दाजी १७ कठ्ठा क्षेत्रफल भएको नारायणगढ बसपार्क | |
| २. | क्षेत्रफल भरतपुर | ५ विघाह ० कठ्ठा ० धुर | |
| ३. | टर्मिनलको क्षेत्रफल | १४४२२ स्क्वायर मी. | |
| ४. | लामो समय पार्किङ स्थानको क्षेत्रफल | ४६६९ स्क्वायर मी. | |
| ५. | टेक्सी पार्किङ्ग क्षमता | २० वटा (टर्मिनल भवन अगाडी) | |
| ६. | लोकल बस, मिनीबस पार्किङ्ग क्षमता | २० वटा (टर्मिनल भवन अगाडी) | |
| ७. | रिक्सा पार्किङ्ग क्षमता | ३० वटा (टर्मिनल भवन अगाडी) | |
| ८. | मोटरसाइकल पाकिङ्ग क्षमता | २० वटा (टर्मिनल भवन अगाडी) | |

| क्र.सं. | विवरण | विषेता एवं सुविधाहरु | कैफियत |
|---|---|---|---|
| ९. | आगमन माइक्रो बस पार्किङ्ग | ९वटा (टर्मिनल भवन अगाडी) | |
| १०. | प्रस्थान माइक्रो बस पार्किङ्ग | ९वटा (टर्मिनल भवन अगाडी) | |
| ११. | आगमन माइक्रो बस पार्किङ्ग | ५ वटा (टर्मिनल भवन अगाडी) | |
| १२. | प्रस्थान माइक्रो बस पार्किङ्ग | ५ वटा (टर्मिनल भवन अगाडी) | |
| १३. | लामो समय बस पार्किङ्ग | ७३ वटा (टर्मिनल भवन अगाडी) | |
| १४. | सोधपुछ कक्ष | १ वटा (भुइतला) | |
| १५. | यात्रु प्रतिक्षालय | १ वटा (भुइतला) | |
| १६. | टिकट काउन्टर | १३ वटा (भुइतला) | |
| १७. | लकर रुम | १ वटा (भुइतला) | |
| १८. | नियन्त्रण कक्ष | १ वटा (भुइतला) | |
| १९. | प्राथमिक स्वास्थ्य कक्ष | १ वटा (भुइतला) | |
| २०. | टेलिफोन, फोटोकपी कक्ष | १ वटा (भुइतला) | |
| २१. | खुद्रा पसल सटर ( पसल कवलहरु) | ४ वटा भुइतला आगमन/प्रस्थान क्षेत्र | |
| २२. | चौकीदार कोठा | १ वटा (भुइतला) | |
| २३. | खानेपानी धारा | ३ वटा | |
| २४. | कार्यालय कर्मचारी कक्ष | १ वटा पहिलो तला | |
| २५. | प्राविधिक कर्मचारी कक्ष | १ वटा पहिलो तला | |
| २६. | ट्राभल कार्यालय कोठा | ३ वटा पहिलो तला | |
| २७. | साइवर इन्टरनेट कोठा | १ वटा पहिलो तला | |
| २८. | जिन्सी कोठा | १ वटा पहिलो तला र भुइतला | |
| २९. | यातायात व्यवसायी कक्ष | १ वटा पहिलो तला | |
| ३०. | बाल्कनी सहितको रेष्टुरेन्ट/किचन/स्टोर | १ वटा १३५ स्क्वायर मि. | |
| ३१. | महिला/पुरुष शौचालय | १ वटा पहिलो तला | |
| ३२. | महिला शौचालय | ५ वटा भूइतलामा छुट्टै | |
| ३३. | पुरुष शौचालय | युरिनल १३ वटा र ४ कोठा भुइतला छुट्टै | |
| ३४. | अशक्तहरुको शौचालय | १ वटा भुइतला | |

| क्र.सं. | विवरण | विषेता एवं सुविधाहरु | कैफियत |
|---|---|---|---|
| ३५. | बाल्कनी लवी | १ वटा पहिलो तला | |
| ३६. | प्रवेश गेट क्षेत्रमा सटरहरु-पसल कवलहरु | ९वटा २.७५×३.२५ मि. | |
| ३७. | प्रस्थान गेट क्षेत्रमा सटरहरु पसल कवलहरु | ६ वटा २.७५×३.२५ मि | |
| ३८. | रात्री बस पार्किङ्ग क्षेत्रमा सटरहरु-पसल कवलहरु | १८ वटा २.७५×३.२५ मि | |
| ३९. | गाडी मर्मत गर्ने स्थान र त्यससँग संलग्न कोठाहरु र शौचालय तथा वाथरुप | १ वटा | |
| ४०. | कुर्चिहरु | २१० | |
| ४१. | खानेपानी टंकी | ६ (३००० ली को ५ वटा र २००० लीको १ वटा गरी जम्मा ६ वटा | |
| ४२. | स्नान घर | १ वटा | |
| ४२. | सेन्ट्री घर | ४ वटा | |

**३.टर्मिनल भवनको संरचना मध्ये संचालकले संचालन गर्न पाउने संरचना तथा सामाग्रीहरुको सुविधाहरु**

| क्र.सं. | विवरण | विशेषता एवं सुविधाहरु | कैफियत |
|---|---|---|---|
| १. | सोधपुछ कक्ष | १ वटा भुइतला | |
| २. | यात्रु प्रतिक्षालय | १ वटा भुइतला | |
| ३. | टिकट काउन्टर | १३ वटा भुइतला | |
| ४. | लकर रुम | १ वटा भुइतला | |
| ५. | नियन्त्रण कक्ष | १ वटा भुइतला | |
| ६. | टेलिफोन, फोटोकपि कक्ष | १ वटा भुइतला | |
| ७. | खुद्रा पसल सटर | ४ वटा भुइतला | |
| ८. | चौकीदार कोठा | १ वटा (भुइतला) | |
| ९. | खानेपानी धारा | ३ वटा | |
| १०. | कार्यालय कर्मचारी कक्ष | १ वटा पहिलो तला | |
| ११. | प्राविधिक कर्मचारी कक्ष | १ वटा पहिलो तला | |
| १२. | ट्राभल कार्यालय कोठा | ३ वटा पहिलो तला | |
| १३. | साइवर इन्टरनेट कोठा | १ वटा पहिलो तला | |
| १४. | जिन्सी कोठा | १ वटा पहिलो तला र भुइतला | |
| १५. | यातायात व्यवसायी कक्ष | १ वटा पहिलो तला | |
| १६. | बाल्कनी सहितको रेष्टुरेन्ट/किचन/स्टोर | १ वटा १३५ स्क्वायर मि. | |

| | | | |
|---|---|---|---|
| १७. | महिला/ पुरुष शौचालय | १ वटा पहिलो तला | |
| १८. | महिला सौचालय | ५ वटा भूइतलामा छुट्टै | |
| १९. | पुरुष सौचालय | युरिनल १३ वटा र ४ कोठा भुइतला छुट्टै | |
| २०. | अशक्तहरुको सौचालय | १ वटा भुइतला | |
| २१. | बाल्कनी लवी | १ वटा पहिलो तला | |
| २२. | प्रवेश गेट क्षेत्रमा सटरहरु - पसल कवलहरु | ९वटा २.७५×३.२५ मि | |
| २३. | प्रस्थान गेट क्षेत्रमा सटरहरु पसल कवलहरु | ६ वटा २.७५×३.२५ मि | |
| २४. | रात्री बस पार्किङ्ग क्षेत्रमा सटरहरु -पसल कवलहरु | १८ वटा २.७५×३.२५ मि | |
| २५. | गाडी मर्मत गर्ने स्थान र त्यससँग संलग्न कोठाहरु र शौचालय तथा वाथरुप | १ वटा | |
| २६. | कुर्चिहरु | २१० | |
| २७. | खानेपानी टंकी | ६ (३००० ली को ५ वटा र २००० लीको १ वटा गरी जम्मा ६ वटा | |
| २८. | स्नान घर | १ वटा | |
| २९. | सेन्ट्री घर | ४ वटा | |
| ३०. | नारायणघट बसपार्क | १ | |
| ३१. | नारायणघट बसपार्कको शौचालय | १ | |
| ३२. | नारायणघाट बसपार्कको टर्मिनल भवन | १ | |
| ३३. | स्पीकर केन्द्रिय बस टर्मिनल | १ | |
| ३४. | डिसप्ले बोर्ड र कम्प्युटर | १ | |

४. **प्रस्तावका मूख्य शर्तहरुः**

१. भरतपुर महानगरपालिका वडा नं ९ मा रहेको केन्द्रीय बस टर्मिनल तथा महानगरपालिका वडा नं. १ नारायणगढमा रहेको बसपार्क दुबै बसपार्कलाई एउटै प्याकेजको रुपमा लिईने छ । एउटा बस टर्मिनलको शुल्क तिरे पछि अर्के बस टर्मिनलमा शुल्क लाग्ने छैन, तर दुवै बसपार्कमा प्रवेश , दिव शुल्क पार्किङ्ग, तथा रात्री पार्किङ्ग समान हुनेछ ।

२. केन्द्रीय बस टर्मिनल तथा नारायणगढ बसपार्कमा रहेका विक्रि कक्षहरु पसल, कवल सटरहरु, रेष्टुरेन्ट र सटरहरुको भाडा संचालक पक्षले महानगरपालिकाले तोकेको सिमा,तथा बजार मुल्यलाई आधार मानी आफैंले दररेट निर्धारण गरी अनिवार्य सम्झौता गरी अन्य व्यक्तिलाई दिन सक्नेछ । बोलपत्र स्वीकृत भएपछि सम्झौता मान्य रहेको अवधिभर टर्मिनलको सेवा शुल्क, शौचालय सेवा तथा त्यहाँ भित्र निर्मित भएका संरचनाबाट प्राप्त हुने आम्दानी उठाउने अधिकार एवम् दायित्व संचालकको हुनेछ ।

३. संचालकले उक्त बस टर्मिनल संचालन गर्दा स्थानीय प्रशासन तथा महानगरपालिका एवम् व्यवसायी समितिहरुले निर्धारण गरेका रुट बमोजिम व्यवस्थापन गरी यात्रुवाहक सवारी साधनलाई नारायणगढ बसपार्क तथा केन्द्रीय बस टर्मिनल अनिवार्य रुपमा प्रयोग गर्न लगाई सवारी साधनहरुबाट मु.अ.कर समेत निम्नानुसारको दररेट बमोजिम सेवा शुल्क उठाउन पाउनेछ ।

| क्र.स. | सवारी साधानको विवरण | आर्थिक ऐन २०८० बमोजिम |
|---|---|---|
| १. | लङ रुट वस, मिनिबस | रु. १००।- प्रति पटक |
| २. | लङ रुट माइक्रोवस, जिप | रु. ८०।- प्रति पटक |
| ३. | सर्ट रुट वस, मिनीवस | रु. ७०।- प्रति पटक |
| ४. | सर्ट रुट माइक्रोवस, जिप | रु. ७०।- प्रति |
| ५. | सिटिरुट बस, मिनीवस, माइक्रो वस, टेम्पु, जिप, म्याजिक | रु. ३०।- प्रति दिन |
| ६. | सामान ढुवानीका लागि जीप टर्मिनल भित्र प्रेवश गर्दा | रु. ३०।- प्रति पटक |
| ७. | सामान ढुवानीका लागि ट्रक टर्मिनल भित्र प्रवेश गर्दा | रु. ६०।- प्रति पटक |
| ८. | सामान ढुवानीका लागि ट्रयाक्टर भित्र प्रवेश गर्दा | रु. ३०।- प्रति पटक |
| ९. | कार पार्किङ | रु ५०।- प्रति पटक प्रति घण्टा |
| १०. | डे वस पार्किङ | रु.८०।- प्रति दिन |
| ११. | रात्री वस पार्किङ | रु.८०।- प्रति रात |
| १२. | दिसा गरेको | रु. १०।- प्रति पटक |
| १३. | पिसाब गरेको | रु. ५।- प्रति पटक |
| १४. | नुहाएको | रु. ५०।- प्रति पटक |

४. बसपार्क भित्रका शौचालय तथा बगैचा र सरसफाई गर्ने कार्य दोस्रो पक्षले नियमित गर्नु पर्नेछ। साथै महानगरपालिकाबाट फोहोर व्यवस्थापन तथा सरसफाई सम्बन्धमा दिईने सुझावलाई संचालकले पूर्णरुपमा पालना गर्नुपर्नेछ ।

५. यस टर्मिनल भित्र रहेका संरचना मध्ये संचालकले देहाय बमोजिम संचालन गर्न पाउनेछ ।

- लामो समय पार्किङ्ग क्षेत्र
- लोकल वस पार्किङ क्षेत्र
- बस टर्मिनल क्षेत्र
- नारायणगढ बसपार्क

यस बाहेकका अन्य बाँकी रहेका स्थानहरु भरतपुर महानगरपालिकाले आफ्नो योजना अनुसार उपयोग गर्न, विकासका गतिविधिहरु संचालन गर्न तथा भाडामा दिन सक्नेछ ।

६. बस टर्मिनल भित्र वा सोको बाहिर महानगरपालिकाको स्वीकृति बेगर कुनै प्रकारको निर्माण कार्य गर्न संचालकले पाउने छैन । निर्माण भइसकेका संरचना र सुविधा बाहेक अन्य निर्माण एवं संरचनाहरु संचालकले माग गरेका आधारमा उपलब्ध गराउन महानगरपालिकामा बाध्य हुने छैन । तर महानगरपालिकाले बस टर्मिनल भित्र आवश्यक संरचना निर्माण गर्न एवं जग्गाहरु प्रयोगमा ल्याउन सक्नेछ ।

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय

७. केन्द्रीय बस टर्मिनल भरतपुरको सबै भागमा विज्ञापन सम्बन्धी होर्डिङ्गबोर्ड जस्ता प्रचार सामाग्रीहरु यस सम्झौता भित्र पर्ने छैन । महानगरपालिकाले निश्चित स्थानहरु तोकी विज्ञापन गर्ने व्यवस्था गरी शुल्क उठाउनेछ ।

८. यस प्रस्ताव विवरणमा उल्लेख गरिएका भौतिक सामाग्री बाहेक अन्य आवश्यक साधन तथा फर्निचरहरुको व्यवस्था संचालक आफैले व्यवस्थापन गर्नुपर्नेछ ।

९. बस टर्मिनलमा कम्तिमा २० के.भी.को जेनेरेटर, विधुतको वैकल्पिक व्यवस्था तथा सडक बत्तीको अनिवार्य रुपमा व्यवस्था र सो को मर्मत संभार संचालकले गर्नुपर्ने छ । संचालकले भाडामा दिएको पसल, रेष्टुरेन्ट, साइबर आदिमा विद्युतका सव-मिटरको व्यवस्था आफै मिलाउनु पर्नेछ ।

१०. केन्द्रीय बस टर्मिनल भवनमा भएका संरचनाहरु जुन उद्देश्य र प्रयोजनका लागि बनेका हुन सोही उद्देश्यका लागि प्रयोग भएको हुनुपर्नेछ । कुनै कारणले परिवर्तन गर्न परेमा महानगरपालिकाको अनिवार्य स्वीकृति लिनुपर्नेछ ।

११. यो सम्झौताको अवधि आ.व. ०८०।०८१ को ठेक्का सम्झौताको मिति देखि तीन(३) बर्षको लागि कायम हुनेछ र आपसी सहमतिमा ६ महिना थप गर्न सकिने

१२. ठेक्का स्वीकृत भएपछि संचालकले कबोल गरेको कुल तीन बर्षको कबोल रकम मध्ये दामासहीले (३) तीन बर्षका लागि कायम हुने बार्षिक ठेक्का रकम बराबरको १ बर्षको लागि आवश्यक रकम सोमा लाग्ने मु.अ. कर र अग्रीम आयकर समेतको एकमुष्ठ बैक जमानत र पहिलो बर्षको लागि कायम हुने ठेक्का रकमको चार किस्ता मध्ये पहिलो किस्ताको हुन आउने रकम नगदै र सोमा लाग्ने करहरु सम्बन्धित राजश्व खाताहरुमा जम्मा गरेको सक्कल बैंक भौचरहरु प्राप्त भएपछि मात्र सम्झौतमा हस्ताक्षर हुनेछ।

१३)पहिलो ठेक्का बर्ष समाप्त हुनुभन्दा ६० दिन अगावै अनिवार्य रुपमा बैक जमानतको म्याद दोस्रो ठेक्का बर्ष अवधिमा थप एक महिना राखी नविकरण गरेर पेश गर्नु पर्नेछ।सोहि बमोजिम तेस्रो बर्षका लागी समेत दोस्रो ठेक्का बर्ष समाप्त हुनु भन्दा ६० दिन अगावै ठेक्का अबधि भन्दा थप एक महिना म्याद रहेको बैक जमानत नविकरण गरी पेश गर्नुपर्नेछ संचालकले कबुल गरेको वार्षिक रकम एकमुष्ठ सम्झौताको बखत बुझाएमा ५ प्रतिशत छुट दिइनेछ । साथै किस्ता रकम उल्लेखित समयावधि भित्र नबुझाएमा प्रत्येक किस्ता रकमको मासिक १% (प्रतिशत)ले जरिवाना लाग्ने छ । तर सम्झौतामा उल्लेखित बैंक जमानत नबिकरण तालिका र किस्ता भुक्तानीको तालिका बमोजिम किस्ता रकम र करहरु दाखिला नभएमा जुन सुकै बखत कार्यालयको निर्णयानुसार सम्झौता रद्ध हुन सक्नेछ।

१४.बोलपत्र स्वीकृत भई सम्झौताको लागि पत्राचार गरिएको पत्रको मितिले सात दिन भित्र पहिलोकिस्ताको रकम र बैक जमानत सहित सम्झौताको लागी उपस्थित हुनुपर्नेछ ।

१५. पेश भएका प्रस्ताव स्वीकृत गर्दा ३ (तीन) वर्षको कबोल अंक जोड गरी अधिकतम कबोल अंक गर्ने फर्म, संस्था वा कम्पनीको बोलपत्र स्वीकृत गरिनेछ । अंक अस्पष्ट भएमा

अक्षरलाई मान्यता दिइनेछ। तीन बर्षका लागि कबोल भएको रकम जोडजम्मा गरी औषत रकमलाई बार्षिक ठेक्का रकम कायम गरिनेछ।

१६. सम्झौता बमोजिम टर्मिनल संचालनमा संचालकलाई कुनै किसिमबाट बाधा व्यवधान हुने तथा पर्ने गरी महानगरपालिकाबाट निर्देशन वा हस्तक्षेप गरिने छैन। तर सम्झौता अनुरुप कार्य नगरेको अवस्थामा दिएका निर्देशनलाई बाधा व्यवधान गरेको मानिने छैन।

१७. संचालकको कार्यमा कुनै बाधा नपर्ने गरी बसपार्क संचालन सेवा सुविधा सम्वन्धि निरीक्षण गर्न सकिनेछ र सो कार्यमा सहयोग गर्नु संचालकको कर्तव्य हुनेछ। संचालकले तोकिएको शर्त पालना नगरेमा वा उद्देश्य अनुरुप कार्य संचालन नगरेमा सम्झौता नविकरण हुने छैन। तोकिएको समयमा किस्ता भुक्तान नगरी थप कार्यादेश प्राप्त गर्न नसकेमा संचालकसँग भए गरेको प्रस्ताव तथा सम्झौताहरु स्वतः रद्ध हुनेछ। यसमा संचालकको कुनै उजुवाजुर लाग्ने छैन।

१८. बस टर्मिनलहरु संचालनमा सहजीकरण र समन्वयको लागि भरतपुर महानगरपालिकाले संचालकको समेत सहभागिता हुने गरी नगर प्रमुखको संयोजकत्वमा समन्वय समिति गठन हुनेछ। यसले दिएका निर्देशन तथा सुझावहरुलाई कार्यान्वयन गर्ने दायित्व संचालकको हुनेछ।

१९. सम्झौता कार्यान्वयनमा कुनै विवाद भएमा आपसी वार्ता र मेलमिलाप पद्धति गरिनेछ। यसको लागि पिडित पक्षले अर्को पक्षलाई लिखित जानकारी दिई विवाद समाधानका लागि पहल गर्नुपर्नेछ।माथि लेखिए बमोजिम विवाद समाधान नभएमा प्रचलित ऐन र नियमानुसार हुनेछ।

२०. मानव सिर्जित (बन्द, हडताल,बन्दाबन्दी, धर्ना,चक्काजाम, जुलुस आदि) वा प्राकृतीक प्रकोपजन्य कारणले ४५ दिन भन्दा बढी समय यातायात बन्द भएको अवस्था बाहेक कुनै प्रकारको छुट वा मिन्हा गरिने छैन।

२१. कुनै सवारी साधन वा कोही कसैबाट टर्मिनल भित्रका संरचनाहरु बिगार्ने, भत्काउने कार्य भएमा संचालकले त्यस्तो कार्य गर्ने व्यक्ति तथा संस्थासंग सो को क्षति बापतको खर्च रकम असुल गरी मर्मत गर्नु पर्नेछ। सोको मर्मत संभार नभएमा दोस्रो पक्षबाट कार्यालयले अशुल उपर गर्नेछ। संचालकले भवन भित्र रहेका विद्युत सामाग्रीहरुको मर्मत संभार र शौचालयको धारा तथा विद्युतिय सामान र शौचालयमा प्रयोग हुने अन्य सामानहरुको मर्मत संभार गर्नुपर्नेछ।

२२. टर्मिनल भवनको विमा गराउने जिम्मेवारी भरतपुर महानगरपालिकाको हुनेछ।

२३. भरतपुर महानगरपालिकाले केन्द्रीय बस टर्मिनलहरुको रेखदेख र अनुगमनको लागि टर्मिनल फोकल पर्सन खटाउन सक्ने छ। निजले दिएको निर्देशनको पालना गर्ने संचालकको दायित्व हुनेछ।

२४. बस टर्मिनल भित्र आवश्यक पर्ने आकासे भ्यापरलेम्प, अन्य भाडामा दिएका सटर तथा शौचालय, खानेपानी आदिमा प्रयोग भएको विद्युतको महशुल, मर्मत संभार खर्च, बिजुली टेलिफोन एवम् सरसफाई लगायतको कुनै पनि प्रकारको सुविधाहरुको लागि लाग्ने खर्च एवम् शुल्क दोस्रो पक्षले नै बेहोर्ने तथा बुझाउने दायित्व हुनेछ।

२५. संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन तथा नियमानुसार लाग्ने मु.अ.कर बहाल कर, आयकर तथा अन्यकर एंव शुल्क संचालकबाटै बेहोर्ने दायित्व हुनेछ।

२६. केन्द्रिय बस टर्मिनललाई केन्द्र विन्दु मानी तय हुने रुट अनुसार भरतपुर महानगरपालिका र जिल्ला प्रशासन तथा ट्राफिक कार्यालयको सहयोगमा बसपार्कमा बसहरुको व्यवस्थापन गर्ने जिम्मेवारी महानगरपालिकाको समन्वयमा संचालक स्वयंमको हुनेछ । यातायात व्यबसायीहरुका विच भए गरेका सहमतिका पक्षहरुलाई समेत विचार गरी काउण्टर व्यवस्थापन मिलाउने दायित्व संचालकको हुनेछ ।

२७. टर्मिनल भित्र हुने सेवा सुविधाको सूचना दिन यात्रु सूचना केन्द्र तथा Digital Screen Board अनिवार्य राख्ने जिम्मेवारी संचालको हुनेछ ।

२८. बसपार्क भित्र प्रवेश गर्ने सवारी साधनको पाकिङ व्यवस्थापन संचालक स्वयंले मिलाउनु पर्ने छ ।

२९. बस टर्मिनलभित्र जथाभावी गाडी मर्मत गर्न गराउन पाइने छैन ।तर गाडी मर्मत गर्ने ब्लकमा संचालकले समय अनुसार शुल्क लिइ वा भाडामा दिइ गाडी मर्मत गराउन सक्नेछ ।

३०. टर्मिनलहरुभित्र शौचालय, यात्रु प्रतिक्षालय, पसल कवलहरु, तथा अन्य सम्पूर्ण संरचनाहरुको तोड फोड आदि भएमा वा गरिएमा संचालकले आफ्नै खर्चमा मर्मत संभार गर्नुपर्ने छ । कुनै कारणबाट ठेक्का छोड्दाका बखत हाल मौजुदा र पछि थप हुने भौतिक संरचनाहरु तथा मौजुदा जिन्सी सामानहरु दुरुस्त बुझाउनु पर्नेछ । अन्यथा सोको क्षतिपूर्ति संचालकले तिर्नुपर्नेछ ।

३१. दुवै बस टर्मिनलहरुमा निम्नानुसारका कर्मचारीहरुको व्यवस्था गरी बस टर्मिनलको व्यवस्थापन एवम् सञ्चालन गर्ने दायित्व संचालकको हुनेछ ।

**निम्नानुसार**

- टर्मिनल व्यवस्थापक
- इन्फर्मेसन असिष्टेन्ट
- कम्प्यूटर अपरेटर
- रकम संकलक
- सहयोगी कर्मचारी
- विद्युत मिस्त्री
- गार्डेनर
- सेक्युरिटी
- कुचिकार
- आवश्यक पर्ने अन्य कर्मचारी

३२. माथि उल्लेखित कर्मचारीहरुको नियुक्ति तथा सुविधाहरु प्रचलित श्रम ऐन, २०४८ अनुसार उपलब्ध गराउने दायित्व संचालकको हुनेछ । कर्मचारीहरुलाई महानगरपालिकाले तोकी दिए बमोजिमको पोशाक संचालकले परिचय पत्र सहित उपलब्ध गराई अनिवार्य लगाउने व्यवस्था गर्नुपर्नेछ ।

३३. संचालकले नियुक्ति गरेका कर्मचारीहरुले गरेको कार्यको अनुगमन महानगरपालिकाले गर्नेसक्ने छ । निजहरुले आफ्नो कार्य विवरण अनुसार कार्य सम्पादन नगरेको पाईएमा महानगरपालिकाले त्यस्ता कर्मचारीहरुलाई अवकाश दिनको लागि संचालकलाई आदेश दिन सक्नेछ। सो को पालना गर्ने दायित्व संचालकको हुनेछ ।

३४. केन्द्रिय बस टर्मिनल र नारायणगढ बसपार्कको सरसफाईको व्यवस्थापन गर्ने दायित्व संचालकको हुनेछ र सरसफाईमा निम्न पक्षहरुमा ध्यान दिनुपर्ने छ ।

- शौचालय र स्नान गृह घरहरु दुर्गन्धरहित हुनुपर्नेछ र किटनाशक औषधीहरुको नियमित रुपमा प्रयोग भएको हुनु पर्नेछ ।
- सेफ्टी ट्यांकीको सरसफाईको व्यवस्थापन राम्रो संग हुनु पर्नेछ ।
- खानेपानीलाई शुद्धीकरण गर्न औषधि वा उपकरणको व्यवस्था गर्नुपर्नेछ ।
- टर्मिनल भवन सफा राख्नका लागि नियमित रुपमा औषधी प्रयोग गरी पुछ्नु पर्नेछ ।
- दुवै बसपार्कको फोहरमैला व्यवस्थापन गर्ने दायित्व संचालकको हुनेछ ।
- गार्डेनमा रुख बिरुवा रोप्ने दायित्व भरतपुर महानगरपालिकाको हुनेछ र त्यसको उचित संरक्षण गर्ने दायित्व संचालकको हुनेछ ।
- बसपार्क भित्र वरिपरिको ढल सफाई गर्ने कार्य भरतपुर महानगरपालिका तथा संचालक दुवै पक्षको हुनेछ ।
- शौचालयको लागि सेफ्टी ट्यांकीहरु नपुग्ने अवस्था आएमा भरतपुर महानगरपालिकाले निर्माण गरिदिनेछ ।
- प्रचलित कानुनले वर्जित गरेका कार्यहरु बसपार्कमा प्रयोग गर्न पाइने छैन ।प्रयोग गरेको पाइएमा प्रथम पक्षले ७ दिनको समय दिइ सुधार गर्न लगाउनेछ। सो अवधिभित्र सुधार नभएमा महानगरपालिकाको निर्णयानुसार हुनेछ।

३५. कुनै विवाद वा समस्या पर्न आएमा असर परेको पक्षले अर्को पक्षलाई ७ दिनको लिखित सूचना दिई समाधानका लागि पहल गर्नुपर्नेछ । तर समस्या वा विवाद भएकै कारणबाट सम्झौता बदर भएको र जिम्मेवारी नरहेको अवस्था मानिने छैन ।

३६. यस प्रस्तावमा उल्लेख गरिएका शर्तहरुको पूर्ण पालना गर्ने दायित्व दोस्रो पक्षको हुनेछ । शर्तहरुको पालना नगरेमा भरतपुर महानगरपालिकाले पहिलो पटक ७ दिने लिखित चेतावनी दिनेछ । सो को बेवास्ता गरेकोमा संचालकसँग ७ दिन भित्र पेश गर्नुपर्ने गरी स्पष्टीकरण मागिनेछ र सो स्पष्टीकरणमा भरतपुर महानगरपालिका सन्तुष्ट नभएमा प्रचलित ऐन नियम अनुसार हर्जना समेत लिई भरतपुर महानगरपालिकाले कुनै पनि समयमा सम्झौता बदर गर्नेछ । यसमा संचालकको कुनै उजुर वाजुर लाग्ने छैन । भुक्तानी वा जफत प्राप्त भएको रकम फिर्ता हुनेछैन।

३७. यसमा उल्लेख भएकोमा बाहेक अन्य शर्तहरु सार्वजनिक खरिद ऐन, २०६३ नियमावली २०६४ तथा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

३८. पेश गरिने सम्पूर्ण कागजातको प्रत्येक पानामा बोलपत्र दाताको छाप र आधिकारिक अख्तियार प्राप्त व्यक्तिको सही हुनुपर्नेछ ।

३९. पेश भएका बोलपत्र प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार भरतपुर महानगरपालिकामा निहित रहनेछ ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय